स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



केवल तामाङको निर्देशनमा बन्न लागेको फिल्म 'मायाका रंगहरु'मा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ । अभिनेता पल शाहको मुख्य भूमिका रहने फिल्ममा सुनिल थापा, पदम तामाङ, बुद्धि तामाङ जस्ता कलाकारहरु भित्रिसकेका छन् । यसैक्रममा 'प्रेमगीत ३'का अभिनेता मनिष राउतको पनि फिल्ममा प्रवेश भएको छ । यसमा उनी भिलेनको भूमिकामा देखिने जनाइएको छ । 'प्रेमगीत ३'मा पनि उनी नकारात्मक भूमिकामा देखिएका थिए ।

**आजको विचार...**



केक...

(दुई पेजमा)

अजयकुमार झा



अभिनेता उत्पल झा अभिनीत फिल्म 'बाटो- रोड टु डेथ' गत शुक्रबारदेखि प्रदर्शनमा आएको छ । फिल्लमा उनी 'मन्जिल' पात्रको मुख्य भूमिकामा छन् । रंगमञ्चको लामो अनुभवपछि फिल्ममा होमिएका झाले फिल्म अभिनयबाट राम्रो प्रतिक्रिया पाइरहेका छन् । झाको यो डेब्यु फिल्म हो । त्यसैले दर्शक प्रतिक्रिया लिन उनी अचेल हल हलमा पुगिरहेका छन् । सोही क्रममा सोमबार आइएनआइ नयाँ बानेश्वर पुगेका अभिनेता झाले पहिलो फिल्मबाट पाएको सकारात्मक प्रतिक्रियाले अगाडि बढ्न प्रेरणा मिलेको समेत सुनाए ।

❑ वर्ष २९ ❑ अंक ३२१ ❑ २०८१ असार ६ गते बिहीबार 20 June 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारतमा बाढी : मृतकको संख्या ३१ पुग्यो

**(रासस/सिन्ह्वा)**

**नयाँदिल्ली,** असार ५/भारतको उत्तरपूर्वी राज्य आसाममा चलिरहेको बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुगेको अधिकारीले बुधबार बताएका छन् । प्रहरीका अनुसार मंगलबार राति आसामको मुख्य सहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको छ । अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिएको बताए । भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको छ । असम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २ सय ९ व्यक्ति प्रभावित भएको जनाएको छ । सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन् । बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३ सय ७८.६४ हेक्टर बाली उत्पादन क्षेत्रलाई पनि असर पारेको छ । 'हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ । स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ ।

# सिद्धबाबा सुरुङमार्ग : १२ दशमलव ६३ प्रतिशत भौतिक निर्माण सकियो

रामचन्द्र रायमाझी

**kfNkf,** असार ५/राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको सिद्धबाबा सुरुङमार्ग निर्माणको काम धमाधम भइरहेको छ । निर्माणको जिम्मा पाएको निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले पछिल्लो केही समय यता कामलाई तिव्रता दिएको हो ।



सुरुङ अहिले 'ब्लास्ट' गरेर धमाधम खनिँदैछ । सिद्धबाबा सुरुङमार्ग आयोजनाले आइतबार सार्वजनिक गरेको पछिल्लो अपडेट अनुसार १२ दशमलव ६३ प्रतिशत भौतिक निर्माणको काम सकिएको छ । सुरुङको अहिलेसम्म एक सय ६६ दशमलव २८ मिटर खनिएको छ । सिद्धार्थ राजमार्गअन्तर्गत सिद्धबाबा खण्डमा पर्ने यो क्षेत्रमा १ हजार १ सय २६ मिटर लामो सुरुङ मार्ग निर्माण कार्य गत माघदेखि शुरू भएको थियो । २ असारसम्म मुख्य सुरुङको उत्तरतर्फ ७६ दशमलव १२ मिटर र दक्षिणतर्फ ९० दशमलव १६ मिटर खनिएको सिद्धबाबा सुरुङ परियोजनाले जानकारी दिएको छ । यसका अलावा मुख्य सुरुङको दुई मुखबीचमा पहिलो बाइपास ३८ दशमलव १ मिटर, दोस्रो बाइपास ३५ दशमलव ३ मिटर र तेस्रो बाइपास ३४ दशमलव १ मिटर खनिएको छ । ती बाइपास क्रमश: १५१, १६१ र १३० मिटर खनिने छ । यस्तै 'मेन टनेल'को साउथ पोर्टलमा २ हजार ३ सय वर्गमिटरमा भीर सुरक्षाको व्यवस्था गर्नुपर्नेमा अहिलेसम्म १ हजार ४ सय ९५ वर्गमिटर काम भइसकेको छ । नर्थ पोर्टलतर्फ एक हजार एक सय मिटरको काम गर्नु पर्नेमा हालसम्म ४ सय ९५ वर्गमिटर सकिएको छ । अबको ४ महिनाभित्र सुरुङको 'ब्रेक थ्रु' गर्ने योजनासहित काम अघि बढेको आयोजनाले जनाएको छ । आयोजनाकी इन्जिनीयर सविता ज्ञवालीका अनुसार गत जेठ १३ गतेदेखि विस्फोट गराएर तीव्ररूपमा काम भइरहेको हो । 'मेसिनले मात्र काम गर्न सम्भव नभएपछि दैनिक ३/४ पटक ब्लास्ट गराएर कामलाई तीव्रता दिइएको छ,' ज्ञवालीले भनिन् । अहिले ३ सिफ्टमा २४ सै घण्टा काम भइरहेको छ । ठेकेदार कम्पनीले पनि 'म्यानपावर' थपेर काम गरिरहेको आयोजनाले जनाएको छ । सुरुङको दुवैतर्फबाट निर्माण कार्य धमाधम भइरहेको हो । बुटवलको तल्लो सिद्धबाबादेखि पाल्पाको दोभान चौकी सम्मको करिब तीन किलोमिटर सडक क्षेत्र पहिरोका कारण जोखिमयुक्त भएकाले यहाँ सुरुङमार्ग बनाउन लागिएको हो । चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सुरुङमार्ग निर्माणका लागि ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा २०७८ फागुन १ मा ठेक्का पाएको हो । गत साउन पहिलो साता झरेको पहिरोले सुरुङमार्गको 'टनेल पोर्टल' नै पुरिएपछि तीनमहिना बढी समय रोकिएको थियो । सुरुङमार्ग निमार्णका लागि पटक-पटक सडक बन्द गरेर काम हुँदै आएको छ । यही माघको पहिलो सातादेखि मात्र सुरुङमार्गको मुख्य सुरुङ खन्न सुरु भएको हो । निर्माण कार्यको सन् २०२२ मार्च ९ मा ठेक्का सम्झौता भएर २२ मार्च २०२७ मा सक्नुपर्ने सम्झौता रहेको छ । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नेुपर्ने बाध्यतामा रहेका स्थानीयहरू सुरुङमार्गको कामले गति लिएपछि भने वर्षौंदेखि सुरुङ बन्ने सपना पुरा हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् ।

यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ । आयोजनाका अनुसार यहाँ बुटवल र पाल्पा दुबैतर्फ जोखिमयुक्त सडकमा दुई लेनको सडक बनाइने छ । सडकको माथिल्लो भागमा सुरक्षा संरचनाहरु बनाइने छ । यसले सडक माथिबाट खस्ने ढुंगाहरुलाई सिधै तल झार्ने छ । सुरुङमार्गको तीन स्थानमा खुला स्थान राखिने भएको छ । आकस्मिक घटना भइहालेमा सोही स्थानबाट उद्धारको काम हुने छ । सिद्धबाबा मन्दिर नजिकैबाट सुरुङ छिरेर पाल्पातर्फ तिनाउ जलविद्युत् आयोजनाको छेउमा निस्किने छ ।

## तातो हावा 'लु' बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धैरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## तानसेनमा प्रजनन् स्वास्थ्य परीक्षण तथा व्यवस्थापन शिविर

### शिविरबाट ६५ महिला लाभान्वित

**पाल्पा,** असार ५/तानसेनमा एक दिने एकिकृत प्रजनन् स्वास्थ्य परीक्षण तथा व्यवस्थापन शिविर सञ्चालन गरिएको छ । नेपाल रेडक्रस सोसाइटी भीम भैरब उपशाखा तानसेनको आयोजना र नेपाल परिवार नियोजन संघ पाल्पाको प्राविधिक सहयोगमा शिविर भएको हो ।



परिवार नियोजन संघको कार्यालयमा भएको शिविरमा महिलाहरुलाई केन्द्रीत गरेर विभिन्न पाँच प्रकार सेवा, चेक जाँच तथा परामर्श दिइएको थियो । जहाँ ६५ जना महिलाहरु लाभान्वित भएका छन् । शिविरमा पाठेघर मुखको क्यान्सर परीक्षण, छातिको क्यान्सर परीक्षण, आङ खस्ने परीक्षण, प्रजनन् अंगहरुको संक्रमण तथा यौन रोग परीक्षण र एकिकृत प्रजनन् स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको थियो । शिविरमा ६५ जना महिलाहरुले विभिन्न परीक्षण तथा प्रजनन् परामर्श लिएका थिए । जसमा ६ जनामा सम्भावित पाठेघरको मुखको क्यान्सर (भिआइए पोजेटिभ), ११ जनामा विभिन्न यौन रोग संक्रमण, १ जनामा आङ खस्ने समस्या र २ जनामा पोलिप देखिएको परिवार नियोजन संघका प्रवन्धक शोवाकान्त न्यौपानेले जानकारी दिए । उनका अनुसार पाठेघर मुखको क्यान्सरको सम्भावना देखिएका ६ जनालाई संघमै उपचार व्यवस्थाको प्रवर्द्धन गरिएको छ भने अन्य समस्या भएका विरामीहरुलाई औषधि वितरण, आवश्यक उपचार र परार्मशको व्यवस्था गरिएको छ । लजाएर रोग लुकाएर राख्दा पाठेघर खस्ने, क्यान्सर हुने जस्ता समस्याहरु देखा पर्दै गएकाले त्यस्ता महिलाहरुको स्वास्थ्य परीक्षण गरि हुन सक्ने जोखिम र खतराबबाट बचाउनुको साथै सचेतना जगाउन शिविर सञ्चालन गरिएको नेपाल रेडक्रस सोसाइटी भीम भैरब उपशाखाका सभापति विरेन्द्रकाजी शाक्यले बताए । उनले भने 'पाठेघरको क्यान्सरबाट हुन सक्ने जोखिमबाट बचाउन शिविर उपलब्धिमूलक बन्यो ।' परीक्षणको पुहँज भन्दा बाहिर रहेका महिलाहरुका लागि शिविरले महत्वूर्ण टेवा पुगेको उनले विश्वास व्यक्त गरे । शिविरको एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरिएको थियो ।-...

**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## शरणार्थी दिवसको सन्दर्भ

**हरेक वर्ष जुन २० का दिन विश्व शरणार्थी दिवस मनाउने गरिएको छ । आज पनि विश्व भर यो दिवस मनाउन लागिएको छ । सन् १९५१ मा पहिलोपटक शरणार्थीसम्बन्धी घोषणापत्र जारी गरिएको थियो । जारी गरिएको ५० वर्ष पुगेको अवसरमा संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष विश्व शरणार्थी दिवस मनाउने निर्णय गरेसँगै यो दिवस हरेक वर्ष मनाउँदै आइएको छ । सामान्यतया आफ्नो जन्मभूमिबाट आन्तरिक वा बाह्य कारणले लखेटिएर अर्को मुलुकमा आश्रय लिन पुगेका व्यक्ति नै शरणार्थी हुन । शरणार्थी बन्नु रहर नभई बाध्यता हो । विश्वमा युद्ध, द्वन्द्व, भोकमरी, प्राकृतिक विपद् लगायतका कारणले अझै पनि लाखौं मानिसहरु आफ्नो बासस्थान छोडेर शरणार्थी हुन बाध्य भैरहेका छन् । शरणार्थी बन्न बाध्य भएका त्यस्ता परिवारमा शिक्षाको अवसर उपलब्ध हुनुपर्ने, शरणार्थी परिवारको व्यवस्थापन सुरक्षित तरिकाले हुनुपर्ने र प्रत्येक शरणार्थीले नयाँ कुरा सिक्ने अवस्था निर्माण गर्नुसँगै उनीहरुले आफ्नो क्षमताअनुसार नै काम गर्न पाउनुपर्नेजस्ता मागहरु हाल प्रमुखरुपमा उठिरहेका छन् ।**

**नेपालमा अहिले झण्डै २० हजार शरणार्थी रहेको अनुमान छ । ६ दशक भन्दा बढी समयदेखि नेपालमा शरणार्थीको संख्या बढ्न थाले पनि अहिलेसम्म नेपालले शरणार्थी सम्बन्धी राष्ट्र संघीय अभिसन्धीमा हस्ताक्षर पनि गरेको छैन । यो अत्यन्त दुखको कुरा हो । कुनै पनि देश चाहे धनी वा गरिब होस्, सो मुलुकले सार्वभौमसत्ता सम्पन्न, आधारभूत मानव अधिकारको प्रत्याभूति हासिल गर्ने ध्येय लिएको हुन्छ । तर नेपालमा शरणार्थी व्यवस्थापन चुनौतीपूर्ण विषय बन्दै गएको छ । जहाँसम्म शरणार्थीलाई उनीहरुकै देश फर्काउने कि यहीँ व्यवस्थापन गर्ने सवाल छ, त्यो दुई देशबीचको कूटनीतिक सम्बन्धले निर्धारण गर्ने कुरा हो । त्यसका लागि सरकारले अहिले सक्दो पहल गर्न जरुरी छ । यसो गर्न सकियो भने मात्र विश्व शरणार्थी दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।**

### Opinion @ Social Network

रिसाएकाहरुसँग मन मनै कुरा गर्छु,
म यसरी पनि मनको इच्छा पूरा गर्छु ।
*(उमेश थापाको फेसबुक स्टाटसबाट htttps://www.facebook.com/thapa.umesh)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# केक परम्परा र हाम्रो संस्कृति



**अजयकुमार झा**

> *जन्म दिन मनाउने यो चलनलाई धेरै पुरानो भन्न नसकिए पनि यस्तो चलनको अनुकरण गर्नेहरूको संख्या ठुलो छ । बर्थडेको चलनझैं विवाह वर्षगाँठ मनाउने चलन पनि बढ्दो छ । विवाह भएको तिथि-मितिमा मनाइने यस उत्सव 'म्यारिज एनिभर्सरी' वा 'वेडिङ एनिभर्सरी'का नाममा ज्यादा प्रचलित छ ।*

'ह्याप्पी बर्थडे टु यु', 'ह्याप्पी बर्थडे'-जन्म दिनमा शुभकामना दिँदा सबैभन्दा बढी प्रयोग हुने शब्द हुन् यी । यही बोलको अंग्रेजी गीत छ, सन् १९९८ को गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार यो सबैभन्दा बढी गाइने गीत थियो । गीतको मुख्य बोललाई कमसे कम १८ भाषाहरूमा अनुवाद गरिएको छ ।

जन्म दिनमा उत्सवको आयोजना गर्ने चलन निकै प्रचलित भइरहेको छ । खासगरी सहरी बालबालिकाबिच बर्थडेको केक काट्ने चलन चाडझैं हुन पुगेको छ । ह्याप्पी बर्थडे भनेर जन्म दिनका अवसरमा भेटेर वा सामाजिक सञ्जालमार्फत शुभेच्छा व्यक्त गर्ने वा पठाउने गरिन्छ ।

जन्म दिन मनाउने यो चलनलाई धेरै पुरानो भन्न नसकिए पनि यस्तो चलनको अनुकरण गर्नेहरूको संख्या ठुलो छ । बर्थडेको चलनझैं विवाह वर्षगाँठ मनाउने चलन पनि बढ्दो छ । विवाह भएको तिथि-मितिमा मनाइने यस उत्सव 'म्यारिज एनिभर्सरी' वा 'वेडिङ एनिभर्सरी'का नाममा ज्यादा प्रचलित छ । वैवाहिक वर्षगाँठमा पनि केक काट्ने कार्य विशेष महत्त्वका साथ पूरा गरिन्छ । विद्यालय, संघ-संस्था, व्यावसायिक प्रतिष्ठानले वार्षिकोत्सव मनाउने चलन पुरानै हो, तर यसमा अहिले केक काट्ने चलन थपिन थालेको छ ।

परीक्षामा उत्तीर्ण हुँदाह व्यवसाय प्रारम्भ गर्दाह सरकारी वा गैरसरकारी सेवामा नाम निकाल्दाह पदोन्नति हुँदाह खेल, प्रतियोगिता वा चुनाव जित्दा आदि खास-खास उपलब्धि हासिल गर्दा उत्सव मनाइन्छ र यस्ता उत्सवमा केक काट्ने चलन पनि बढेको छ । बर्थडे, वेडिङ एनिभर्सरी, वार्षिकोत्सव वा जुनसुकै उत्सव पनि केक नकाटी प्रारम्भ हुँदैन । वस्तुत: बर्थडे वा वेडिङ एनिभर्सरी उत्सवको मूल कार्य नै केक काट्नु हो । अर्थात् यस्ता उत्सवबाट केक काट्ने चलनलाई हटाउन सकिँदैन । केक काट्ने कार्यलाई समावेश नगर्ने हो भने उत्सव उत्सवजस्तो रहन जाँदैन । हाम्रो आफ्नै यस्ता अवसरमा फलफूल, मिठाई, अक्षता, धूप, दीप आदि सान्दर्भिक हुन्छन् । मुख मिठो पारौँ भनेर मिठाई वितरण गर्ने परम्परा छ ।

**केक के हो ?**

केक युरोपेली खानाको एउटा परिकार हो । अर्थात् केक बेक्ड (रोटी) खाना हो, हाम्रोतिर बेकरीले तयार गर्ने सामग्रीलाई केक भनेर बुझ्छौँ । भोजनको अन्त्यमा गुलियो बेक्ड खाने पश्चिमी परम्परा हो । पुरातन रोममा मैदामा मख्खन, अन्डा र मह आदि थपेर मिठो बेक्ड खाने चलन बस्यो । प्रारम्भिक इङ्ग्ल्यान्डमा पनि, केकहरू भोजनको अनिवार्य हिस्सा बन्यो ।

पिठो, चिनी, अन्डा, मक्खन वा तेल मिश्रित पकवान नै केक हो । केक धेरै प्रकारका हुन्छन् । अहिले केकका सामग्रीका लागि धेरै विकल्प उपलब्ध छन् । कतिपय सामग्री साजसज्जाका लागि पनि प्रयोग गरिन्छन् । हामीकहाँ चाडपर्व, उत्सव, समारोहमा मिठाईको जे जस्तो महत्त्व छह त्यस्तै पश्चिमतिर कुनै पनि विशेष समारोहमा मिठाईका रूपमा केकको प्रयोग गरिन थालिएको पाइन्छ । केक काट्ने र खाने प्रक्रियामा सामूहिक उत्सवको मूल्य समाहित हुन गएकाले त्यसलाई भावनात्मक रूपमा ग्रहण गर्न थालिएको छ ।

**हाम्रो संस्कृति**

सभ्यता, संस्कृति र परम्पराहरूको भण्डार हो हिन्दु समाज । हिन्दु धर्ममा १६ अनुष्ठान (षोडश संस्कार) उल्लेख गरिएको छ, जसमा गर्भधारणदेखि अन्तिम संस्कारसम्म छन् । जसमा गर्भाधान, पुंसवन, नामकरण, चुडाकर्म, अन्नप्राशन, कर्णवेध, केशान्त, जातकर्म, निष्क्रमण, विद्यारम्भ, विवाह, वेदारम्भ, व्रतबन्ध, समावर्तन, सीमन्तोन्नयन, अन्त्येष्टि हुन् । गर्भाधान संस्कार पहिलो संस्कार हो । माताले गर्भ धारण गर्नुअघि गरिने संस्कारलाई गर्भाधान संस्कार भनिन्छ । गर्भ रहनका लागि कुनै बाधा व्यवधान नहोस् भनेर यो संस्कार गरिन्छ ।

पुंसवन संस्कार दोस्रो संस्कार हो । यो गर्भावस्थाको तेस्रो महिनामा गरिने एक अनुष्ठान हो । मूलत: गर्भस्थ शिशुको समुचित विकासका निमित्त पुंसवन संस्कार गरिन्छ । जातकर्म संस्कार शिशु जन्मिएपछि नाल काट्नुभन्दा पहिले नै गर्ने विधान हो । नवजात शिशुको आयु, आरोग्य, बल, बुद्धि प्राप्त होस् भन्ने कामनाका साथ यो संस्कार गरिन्छ । यतिबेला बच्चालाई मह र घिउ चटाउने पनि गरिन्छ । शिशु जन्मेको ११औँ दिनमा नामकरण (न्वारन) संस्कार गर्ने गरिन्छ । परापूर्वकालदेखि शास्त्रमा बताइए अनुसार शिशु जन्मेको १०औँ दिनसम्मलाई वृद्धि सूतक मानिएको हुनाले ११औँ दिनमा यो संस्कार गर्ने चलन चलेको हुन सक्छ । कर्मकाण्डज्ञाता विद्वान्हरू शुभ नक्षत्र वा शुभ दिनमा यो संस्कार गर्नु उचित मान्छन् । निष्क्रमण संस्कार शिशु जन्मिएको चार महिनामा बालकलाई घरबाट बाहिर निकाल्नुलाई भनिन्छ ।

अन्नप्राशन संस्कार शिशु विकसित हुँदै जाँदा स्तनपानबाट प्राप्त हुने पौष्टिक आहार शिशुको शारीरिक र मानसिक विकासका लागि अपर्याप्त हुने हुँदा शिशु जन्मिएको ६ महिनामा अन्नप्राशन गराइन्छ । चुडाकर्ण संस्कारभन्दा अघि कर्णभेद संस्कार भनिन्छ । यसलाई प्रचलित शब्दमा कान छेड्ने पनि भनिन्छ । बालक वा बालिका दुवैको कर्णभेदन संस्कार गरिने प्रावधान रहेको पाइन्छ ।

विद्यारम्भ संस्कार जब बालबालिकाको शिक्षा ग्रहण गर्न सक्ने क्षमता प्राप्त हुन्छ, तब यो संस्कार गराउने प्रचलन छ । पहिलोपल्ट बालकको केश मुण्डन गर्ने कार्यलाई चूडाकर्म भनिन्छ । यसको अर्को नाम क्षौर कर्म पनि हो । व्रतबन्ध संस्कार बालकलाई गार्हस्थ्य ज्ञानबाट परिचित गराउन गरिन्छ । व्रत भन्नाले सङ्कल्प बुझिन्छ भने बन्ध भन्नाले बन्धन बुझिन्छ । व्रतबन्धको प्रतीक मानिने यज्ञोपवित ग्रहण गर्ने प्रक्रिया पनि हो यो ।

समावर्तन संस्कार केशान्त संस्कारसँग मिल्ने एक संस्कार हो । यो संस्कार केशान्त संस्कारभन्दा पहिला गरिन्छ । यो संस्कारमा बालकलाई शिष्यका रूपमा संस्कार गरी वैदिक ज्ञान प्रदान गरिन्छ । बालकलाई उपनयन संस्कार गरिसकेपछि ज्ञान आर्जनका निम्ति गुरुकुल पठाउनु वेदारम्भ संस्कार हो । गुरुकुलमा ब्रह्मचर्य व्रत पालन गर्ने र संयमित रहने प्रतिज्ञा गराइन्थ्यो । शिष्य सम्पूर्ण परीक्षामा सफल भएपछि नै वेदारम्भका लागि योग्य भएको पुष्टि गरिन्थ्यो । केशान्त संस्कार जब शिष्य वेद, व्याकरण, तर्कशास्त्रमा निपूण भएपछि गुरुकुलबाट बिदाइ गर्दा यो संस्कार गरिन्छ । स्नान आदि द्वारा स्वच्छ गरी शुद्ध वस्त्र र केशको मुण्डनसँगै विद्यावारिधि प्रदान गरिन्छ । स्त्री र पुरुषका बिचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक वा सामाजिक कर्मलाई पाणिग्रहण (विवाह) संस्कार भनिन्छ । गृहस्थ जीवनमा प्रवेश गरेपछिको तेस्रो कर्तव्यका रूपमा सीमन्तोन्नयन संस्कारलाई लिने गरेको छ । गार्हस्थ्य जीवनको प्रमुख उद्देश्य श्रेष्ठ सन्तानोत्पादन हो । दम्पतीले सौभाग्य प्राप्त गर्नु र श्रेष्ठ सन्तानोत्पादन गर्नु यस संस्कारको प्रमुख अभिप्राय हो । गर्भपात रोक्नुका साथसाथ गर्भस्थ शिशुको रक्षा गर्ने उद्देश्य पनि यस संस्कारमा निहित छ ।

यस्तै मृत्युमा अन्त्येष्टि संस्कार गरिन्छ । मानिसको मृत्युपश्चात् गरिने संस्कार हो । यो पार्थिव शरीरको अन्तिम क्रिया हो, जसलाई सद्गति भनिन्छ । सनातन धर्ममा परमार्थको प्राप्तिका लागि सद्गति आवश्यक छ । अन्यथा अतृप्त अवस्था विद्यमान नै रहन्छ । यस प्रकार सनातनी जीवन संस्कार नै संस्कारले भरिएको छ । हरेक संस्कार स्वयंमा एक उत्सव हुन् । कतिपय कारणले सांस्कृतिक मूल्य तथा स्वरूपमा परिवर्तनका साथै सांस्कृतिक क्षरण पनि देखापर्छ । सांस्कृतिक क्षरण तब हुन सक्छ, जब एक प्रभावशाली संस्कृति कुनै सानो वा कम शक्तिशाली संस्कृतिलाई प्रभावित गर्दछ । परिणामस्वरूप अद्वितीय सांस्कृतिक प्रथा, विश्वास र परम्परामा ह्रास आउन थाल्छ । अर्को कारण प्रविधिको विकास पनि हो, जसको नकारात्मक प्रभाव सांस्कृतिक प्रथा एवं परम्परामाथि पर्छ । बर्थडे केकले पनि हामीलाई कतै न कतै सांस्कृतिक क्षति पुर्‍याएको छ नै । हाम्रा सोह्र संस्कारमा थुप्रै उत्सव छन् । हामीले जसरी जातकर्म र नामकरण संस्कार गर्छौं, जन्मसँग जोडिएका यी विशेष उत्सव हुन्, हाम्रा यिनै संस्कारबाट पश्चिमले बर्थडे मनाउन सिक्यो कि ? हामीसँग संस्कार र संस्कृतिको कमी छैन । हामी हाम्रै सांस्कृतिक जीवनमा बाँच्दा पनि पुग्छ ।

यद्यपि सांस्कृतिक आदान-प्रदान सांस्कृतिक प्रसारको एक माध्यम हो । सांस्कृतिक आदान-प्रदान विभिन्न रूपमा हुन सक्छ र विभिन्न देश र क्षेत्रहरूबिच हुन सक्छ । उदाहरणका लागि, १९५४-१९६० को अवधिमा सोभियत सै र भारतले सर्कस, नाट्य कला र नृत्य समूहहरूमा ध्यानकेन्द्रित गर्दै रचनात्मक टोली र व्यक्तिगत कलाकारहरूको आदान-प्रदानमार्फत सांस्कृतिक आदान-प्रदान गरेका थिए । हामीले हाम्रो सांस्कृतिक क्षरणको अवस्थालाई रोक्नेतर्फ सोच्नुपर्छ । सांस्कृतिक क्षरणलाई रोक्ने अनेक तरिका हुन सक्छन् । यसका लागि शिक्षा र जागरूकता फैलाउन सकिन्छ । यस्तै, सांस्कृतिक प्रथा, परम्परा, लोककथा, गाथा, गीत, नृत्य आदि सांस्कृतिक निधिको दस्ताबेजीकरण र संरक्षण गर्नतिर हामी लाग्नुपर्छ ।

**(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन् ।)** *-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्यांकन पनि हुनेछ। भौतिक साधन जुटाउने समय छ । | **तुला** : काममा मन लगाउँदा राम्रो हुनेछ। स्वास्थ्य प्रति सतर्कता अपनाउनु पर्छ । |
| **वृष** : रोकिएका वैदेशिक काम अघि बढ्नेछ। नयाँ वस्त्रको प्राप्ति हुनेछ । | **वृश्चिक** : भाग्यले विभिन्न अवसर जुराउने छ। मनमा उत्साह छाउनेछ । |
| **मिथुन** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् ।शुभ समाचार सुन्न पाइने छ। | **धनु** : मित्रसँग भेटघाट हुनेछ । घुमफिरमा आकर्षण बढ्नेछ । |
| **कर्कट** : नसोचेको ठाउँबाट धनागम हुनेछ । आफन्तको सहयोग पाइनेछ । | **मकर** : हिम्मत बढ्नेछ । गरेको कामबाट दोहोरो लाभ पनि मिल्नेछ । |
| **सिंह** : काममा ढिलासुस्ती हुनेछ। सानो भूलका कारण अपमानित बन्न सक्नुहुन्छ। | **कुम्भ** : पुराना कार्य पूरा हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । |
| **कन्या** : कारोबारमा सफलता मिल्नेछ। रमाइलो यात्रा तथा मान सम्मान मिल्नेछ। | **मीन** : व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ। अनावश्यक धन खर्च हुनेछ । |

# बाल बाटिका

बालनिबन्ध • कमल रिजाल

## थकान



थकाइ सबैलाई लाग्छ । बालकलाई लाग्छ, बालिकालाई लाग्छ, युवकलाई लाग्छ, युवतीलाई लाग्छ । वृद्धवृद्धालाई झन् बढी लाग्छ । काम गरेपछि थकाइ लाग्नु स्वाभाविक हो तर थकाइ लागेपछि गर्ने काम भने दुईवटा हुन्छन् । कि सुतिन्छ कि बसिन्छ । सायद भाइबहिनीहरूले पनि यस्तै गर्ने गरेको हुनुपर्छ । यसबाट थकाइ त मेटिन्छ तर यसले मानिसलाई कि अल्छी बनाउँछ कि काम अधुरो बनाइदिन्छ वा समयमा काम सक्न गाह्रो बनाइदिन्छ । त्यसो भए के गर्ने त ? थकाइ नै नलागोस् भन्न त सकिन्न । प्राकृतिक न्याय सिद्धान्त भित्रको कुरा भएकाले यो कसैको वशभित्रको कुरा नै होइन । त्यसैले यहाँ यस्तो सरल सूत्र प्रस्तुत गरिएको छ, जसले थकान पनि मेटाउँछ र समयमै काम सम्पन्न गर्न पनि सहयोग पुऱ्याउँछ । मानिलिनुस् तपाई कुनै काममा खटिनुभएको छ । काम अत्यन्त महत्वपूर्ण छ । तत्कालै सम्पन्न गर्नुपर्नेछ । नभए पनि आजै सक्नुपर्ने हुन सक्छ तर तपाईमा थकान बढी लाग्ने वानी छ । काम गर्दागर्दै थाक्नुहुन्छ, थकाइ लाग्ने गरेको छ । यस्तो अवस्थामा बीचबीचमा एक मिनेट मुख बन्द गरेर बस्न सक्नुहुन्छ । ध्यान रहोस् यति बेला दाँत एक अर्कोमा जोडिनु हुँदैन ।

जिभ्रोले पनि तलमाथि कतै छुनुहुँदैन । उसलाई जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा रहन दिनुपर्छ । यदि एक मिनेट मात्र यसरी बस्न सक्नुभयो भने मनलाई विश्राम मिल्छ, जसका कारण थकान पनि मेटिन्छ र काम पनि भनेकै बेलामा सक्न सकिन्छ । तपाईलाई लागेको होला यस्तो कसरी हुन्छ ? तर कुरा सत्य हो । यतिबेला भएको के हुन्छ भने जब जिभ्रो निस्क्रिय हुन्छ तब उसले कुनै शब्द उच्चारण गर्दैन, गर्न सक्दैन, जसका कारण मनको सक्रियाता रोकिन्छ । जब मनको सक्रियता रोकिन्छ तब थकाइ पनि तत्कालै छुमन्तर हुन्छ । किनभने थकानको मूल कारण भनेकै मनको सक्रियता हो । मन जति सक्रिय हुन्छ थकाइ त्यति नै बढी लाग्छ । हाम्रा ऋषिमुनिहरू रात दिन साधनामा लाग्थे तैपनि उनीहरूलाई थकाइ लाग्दैनथ्यो । लागिहाले पनि यही सूत्र प्रयोग गर्थे, जसले गर्दा कत्ति पनि विश्राम नगरी निरन्तर साधनामा लाग्न सक्थे । यदि यसो गर्न सम्भव भएन भने पनि केही छैन । तपाई आँखा चिम्म गरेर अघि जस्तै एक मिनेट बस्न सक्नुहुन्छ तर यति बेला पनि आँखालाई जहाँको तहीँ स्थिर गर्न भने बिर्सनुहुँदैन । आँखाको पुतलीलाई दायाँ वायाँ वा तलमाथि हुन नदिएर जस्ताको तस्तै अवस्थामा राख्ने प्रयास गर्नुपर्छ । स्मरण रहोस् यति बेला पनि उसमा दवाव पर्न दिन भने हुँदैन । आँखा बन्द छ कि खुला छ त्यसको पनि वास्ता गर्नु हुँदैन । जहाँ छ, जस्तो छ त्यस्तै अवस्थामा रहन दिनुपर्छ । एक मिनेट जति यसरी बस्न सक्नुभयो भने तपाईको मन सबै किसिमको तनावबाट मुक्त हुन्छ र अन्तत: यसैका कारण तपाईको थकान मेटिन पुग्छ । यहाँ पनि तपाईलाई लागेको होला यस्तो चमत्कार कसरी हुन्छ तर न आत्तिनुस् यो कुनै चमत्कार नभई यथार्थ हो । किनभने थकानको अर्को कारण आँखाको चञ्चलता पनि हो । आँखा हमेशा यताउता भागिरन्छ र नानाभाँतीको दृष्य सङ्कलन गरी मनलाई त्यतै दौडिन वाध्य पार्छ तर त्यही आँखा स्थिर भयो भने उसले कुनै पनि दृष्य सङ्कलन गर्दैन वा गर्न सक्दैन । अन्तत: यसले पनि मनलाई नै शान्त पार्छ र थकान मेटाउनु सहयोग पुऱ्याउँछ । होइन, यो पनि सम्भव भएन भने पनि केही छैन । कानलाई कुनै सुमधुर धुनमा स्थिर गर्दा पनि हुन्छ । यस्तो धुन कुनै भजनको पनि हुन सक्छ गीतसङ्गीतको पनि हुन सक्छ । यदि कानलाई त्यस्तो धुनमा स्थिर गर्न सक्नुभयो भने उसले अन्य नानाभाँतीको शब्द सङ्कलन गर्दैन, गर्न सक्दैन र अन्तत: यसले पनि मनलाई स्थिर गर्न सहयोग पुऱ्याउँछ, जसका कारण थकान मेटिन पुगिरहेको हुन्छ । यदि यो पनि सम्भव हुँदैन भने नाकलाई कुनै सुगन्धमा स्थिर गर्दा पनि हुन्छ । सुगन्ध कुनै फूलको पनि हुन सक्छ अत्तरको पनि हुन सक्छ । अथवा अरू नै कुनै हुन सक्छ । यसबाट नाकले अरू कुनै सुगन्धको चाहना गर्दैन र मनलाई स्थिर गरी थकान मेटाउन सहयोग पुऱ्याउँछ । होइन यो पनि सम्भव भएन भने पनि केही छैन । शरीरलाई जहाँ बस्नुभएको छ त्यही आसनमा एक छिन स्थिर गर्दा पनि हुन्छ । यसबाट तपाईंको छाला त्यही स्पर्श सुखमा स्थिर हुन्छ र मन शान्त हुन पुग्छ । अन्तत: यसले पनि थकान मेटाउन सहयोग पुऱ्याइरहेको हुन्छ । थकानको मूल कारण भनेको मन नै हो । मन जति बढी चञ्चल भयो उति नै बढी थकाइ लाग्छ । जहाँसम्म मनलाई चञ्चल बनाउन सहयोग गर्ने साधनको कुरा छ त्यो भने तपाईका यिनै जिभ्रो, आँखा, नाक, कान, छाला र तिनका विषय क्रमश: रस, रूप, गन्ध, शब्द र स्पर्श नै हुन् । जब यिनलाई नियन्त्रण गर्न सकिन्छ तब मन स्वत: शान्त हुन पुग्छ र थकान मेट्ने काम गरिरहेको हुन्छ ।


*सुगन्ध कुनै फूलको पनि हुन सक्छ अत्तरको पनि हुन सक्छ । अथवा अरू नै कुनै हुन सक्छ । यसबाट नाकले अरू कुनै सुगन्धको चाहना गर्दैन र मनलाई स्थिर गरी थकान मेटाउन सहयोग पुऱ्याउँछ । होइन यो पनि सम्भव भएन भने पनि केही छैन । शरीरलाई जहाँ बस्नुभएको छ त्यही आसनमा एक छिन स्थिर गर्दा पनि हुन्छ । यसबाट तपाइँको छाला त्यही स्पर्श सुखमा स्थिर हुन्छ र मन शान्त हुन पुग्छ । अन्ततः यसले पनि थकान मेटाउन सहयोग पुऱ्याइरहेको हुन्छ । थकानको मूल कारण भनेको मन नै हो । मन जति बढी चञ्चल भयो उति नै बढी थकाइ लाग्छ । जहाँसम्म मनलाई चञ्चल बनाउन सहयोग गर्ने साधनको कुरा छ त्यो भने तपाईका यिनै जिभ्रो, आँखा, नाक, कान, छाला र तिनका विषय क्रमशः रस, रूप, गन्ध, शब्द र स्पर्श नै हुन् । जब यिनलाई नियन्त्रण गर्न सकिन्छ तब मन स्वतः शान्त हुन पुग्छ र थकान मेट्ने काम गरिरहेको हुन्छ ।*

*-रातोपाटी डटकम*

कथा समीक्षा • पुष्कर अथक रेग्मी

# आमालाई घृणा गर्ने छोरीको कथा






चोरनीको छोरा भन्ने ढनाढ्य महिला, चोरनीको छोरा भन्दै स्कूलमा गिल्ला गर्ने स्कूलकै सहपाठी सहारा र चोरनीको छोरा भनी कक्षामा सबैले खिसि गर्दा समेत विधार्थीलाई नसम्झाई खुतुतुतु हाँसेर बस्ने मोहिनी मिस घृणाका तीन पात्रहरू हुन् । यी तीन पात्र मध्ये धनाढ्य महिला र सहारा आमा छोरी हुन् । यिनै छोरी सहाराले आमालाई आफू छ कक्षा पढे देखि नै जीवनभर घृणा गर्दै आइरहिन् ।

चोरनीको छोरो को ? भनी केटाकेटीहरूले कक्षा कोठाभित्रनै हाजिरी जवाफ गर्दा चोरनीको छोरा - शील भन्ने अपमान खप्न नसकेपछि शीलले बोर्डिङ स्कुल पढन छाड्यो र सरकारी स्कुल पढन लाग्यो । मेहनत गरेर पढ्यो र ठूलो संगै असल मानिस समेत बन्न सफल भयो । आबश्यक मात्रामा पैसा कमाउन लाग्यो र फ्ल्याट लिई बस्न थाल्यो। यधपी मनमा भने आफू चोरनीको छोरा हो या होईन भन्ने प्रश्नले जीवन भर गाँजीरह्यो र अन्तत: विहे गर्ने उमेर भइसकेपछि एक दिन आमाको गोडा समाएर शीलले सोध्यो,' हे मेरी आमा के तिमी चोरनी हौ ?' छोराको प्रश्न सुनेर आमा सुस्तरी उठिन र फदयमाथि हात राखेर भनिन, 'हो छोरा म चोरनी हुँ ।'

बाबुलाई द्वन्दकालीन समयमा माओोवादीले वेपत्ता पारेको तीन बर्षपछि लास भेटिएपछि गाउँमा बस्न मन नलागेर आमा छोरा बाजेकहाँ बस्न भनी शहर आउँछन् । सुकिला को हुन ? के काम गर्थिन ? शीलको बाल्यकाल कसरी बित्यो । धनाढ्य महिलाको लोग्नेले के गर्थे ? ती धनाढ्य घमण्डी महिला कसरी गरीब भइन र कोसंग बस्न लागिन् ? सहाराले किन स्कुल छाडेर हिडिन् ? सहारालाई मनैदेखि दया कसले देखायो ? को हुन निलाक्षी ? बानु को हो ? सहारा र शीलको भेट हुन्छ या हुदैन ? सहाराको नजरमा यो संसारको सबैभन्दा घुणित पात्र आमा किन भइन ? यी सबैको उत्तर प्राप्तिका लागि साहित्यकार भागवत खनालद्वारा लिखित कथा संग्रह 'बाबा मेरो पीआर आयो' भित्रको उन्नाइसौं कथा 'चोरनीको छोरो' स्वाध्ययन गर्नुहोस् ।

सामाजिक यथार्थवादी मनोवैज्ञानिक एवं मनोविश्लेषणात्मक कथाको रूपमा 'चोरनीको छोरा' लाई लिन सकिन्छ । चरित्र प्रधान रहेको यो कथा संग्रहभित्रको उत्कृष्ट शील्पयुक्त कथामध्यमै पर्दछ ।

पाँच देखि दस बर्षसम्मका केटाकेटीहरूको सबैभन्दा मजबुत सुरक्षा कवज बाबुनै हुन्छन भन्ने कथ्य लेखकद्वारा उजागर गरिएको छ । ' छोराछोरी कुपात्र हुन सक्छन् , परन्तु माता कहिल्यै कुमाता हुन सक्दिनन ' भन्ने कथ्यलाई समेत मिथ्या गराई माता पनि कुमाता हुन्छिन भन्ने उदाहरणीय शिक्षाप्रद कथा हो - चोरनीको छोरा । सन्तानको खुशीको लागि जेपनि गर्न गराउन सक्ने स्त्री शक्ति आमालाई छोराछोरीकै नजरबाट कथा भित्रको चरित्रको आधारमा मात्रै ' घृणाको पात्र ' बनाउन मिल्ला र यो गंभिर प्रश्नको रूपमा उठान भएको छ । बाबा अर्थात पुरूषलाई घृणा गर्ने दुनियाँमा आमालाई घृणा गरेको मान्य हुन्छ या हुँदैन ? यी सब सोचनीय रहेका छन् । कथाको उठान र समापन रोचक रहेका छन् ।

सर अब त बिहा गर्नुपर्छ । सुहाउँदो केटी खोजिदिने जिम्मा मेरो ' भनेकी नीलाक्षीले वास्तवमै शीलको च्याम्बरभित्र केटी नै लिएर आइन । यसरी शुभारम्भ भएको कथाभित्रका केही प्रसंगहरू शङ्गार रसले भरिपूर्ण छन् । सारीमा सजिएकी सुन्दर स्त्रीको बर्णन यसरी गरिएको छ - लज्जावत नेत्र , सुशोभित नासिका र गुलावी कपोल । लामा हात, विशाल बकस, सर्लक्क मिलेको कटी र जतनसाथ सजाइएको केशराशी । अनि अनारदाना दन्त पङ्क्ति र पवित्र रमणीय मन्द मुस्कान थियो भने यता लाज मानेर पसिनाले निथुक्र भिजेको शीलले तीस बर्षको उमेरमा आसक्त नजरले हेरेको पुरूष अनुभूतिको र स्वादन पनि कथाको शुभारम्भमै पिउन पाइन्छ । सहनशील र सत्य बोल्ने सुकिलामा वीर रस भित्रको धर्मवीर पाइन्छ भने सुकिला र शील दुवैमा करूण रस सहित शान्त रसका भूमिकाहरू पाइन्छ । बुनुको मनभित्र र उनको स्वभावमा भने भयानक, करूण र वीररस भित्रको दयावीरले प्रतिष्पर्धा गरेको पाइन्छ । गहिरिदै जाने हो भने कथाभित्र नवरसकै आस्वादन हुन्छ ।

समस्त पाठक वृन्दमा समर्पित, विनिता खनालद्वारा प्रकाशित एवं सेवानिवृत राष्ट्रसेवक शिद्धहस्त लेखक भागवत खनालद्वारा लिखित कथा संग्रह 'बाबा मेरो पी आर आयो 'भित्र चोरनीको छोरोसहित चौबीसवटा महनीय, मननीय र उदाहरणीय कथाहरू संग्रृहित रहेका छन् । जुन कथाका सारहर यसप्रकार रहेका छन् :- बिर्सेको प्रेम र गण्डकीका छालहरू शीर्षकको पहिलो कथा मुकुन्द सेनकालीन प्रेम कथामा आधारित रहेको छ ।

फेरि सपनाहरू शीर्षकको कथामा नेपाल र भारतको चित्रण सहित वृन्दावनकि आप्तकामिनीको व्यथा रहेको छ । मी टू कथामा नारीभन्दा पुरूष खतरनाक हुन्छन् भन्दै आधुनिक नीलप्रभासंग महाभारतकि कुन्तीलाई जरोडिएको छ । मिल्टन सरको सुखान्त शीर्षकको कथा जागिरे पुरूषको दैनन्दिनीका आधारित यथार्थपरक कथा बनेको छ । कालीगण्डकी सुसाइरह्यो शीर्षकमा अभाव परिश्रम र पश्चाताप सहित गर्भे टुहुरो हुमलालको कथा रहेको छ । विलासीको बकपत्र शीर्षकको कथामा भ्रष्टाचारले निम्त्याएको आत्मग्लानी र आत्महत्या सहित भ्रष्टाचार निवारणका लागि आग्रह गरिएको छ । बाबा मेरो पी आर आयो, यो पुस्तकको शीर्षकीय कथा समेत हो । विदेश जान र त्यही बस्नका लागि सन्ततीहरू हदैसम्म गिर्ने सत्य तथ्यको उदाहरण सहित युवा नेपालीहरूको सोचको विकृत रूप देखाइएको छ । अचेतन कथा धार्मिक र आध्यात्मिक चेतन/अचेतन भित्र कथा संरचित रहेको छ । भी आई पी बा शीर्षकको कथामा जिन्दगीमा जे जे गरेपनि, जति ठूलो भएपनि अन्तत: राम नाम सत्य हो भन्ने कथ्य देखाइएको छ । द्वन्द्वको दामल र भिजेको नोट कथामा माओवादी युद्धले दिएको पीडा नेतृत्वको पूँजीवादी चरित्रको समुदघाटन गरिएको छ । शुक्रे डिङ्गाको भूत ऐतिहासिक उठान सहित भूतहरू बिचको सम्बाद प्रस्तुत गरिएको कथा हो । भिजेको सूर्ति कथामा पाँच बर्षको अन्तराल ठेलावालालाई प्रतीक बनाइएको स्वतन्त्रताको कथा रहेको छ । साधुनाथ बा पनि काठमाडौं पुगे शीर्षकको कथामा पहिलोपटक राजधानी शहर पुग्दाको कथा व्यथा रहेका छन् । बले एक जीवनी कथा बदरीनाथको तीर्थयात्रा, पण्डा र नेपाल आमालाई गाली गर्ने व्यक्तिको हात भाचिदिदा जेल पर्नु परेको स्वाभिमानी नेपालीको कथा हो । सिडनीको सानुमाया 'पति स्वार्थी हुन सक्छ , पिता कदापि स्वार्थी हुदैन' भन्ने निष्कर्षको कथा रहेको छ ।

स्वीटेको भकुण्डो शीर्षकको कथा प्रीय खलासी स्वीटेको निष्ठुर कोरोनाले मृत्यु गराएको दुखद कथा हो ।

कोरोना बाजे कथाभित्र कोरोनाले बनाएको बन्दी जीवन र पीडाको कहालीलाग्दो कथा सिजृत भएको छ । पर्खालभित्र कथामा मानसिक अस्पतालभित्र नाटकीकरण गरिएको जीवनको दर्दनाक व्यथा उजागर गरिएको छ । धर्मपत्नी शीर्षकको कथामा पतिलाई निकोपार्न बाध्यताबस शरिरबेच्ने पत्नीको कथा चित्रण गरिएको छ । फेरि उज्यालो शीर्षकको कथामा हजुरबुवा र नाति पुस्ताको सामाजिक कथा रहेको छ । मुनि कथामा अतितका कथाहरू रहेका छन् जुन तपाईं हाम्रो सबैको जिन्दगीसंग मेल खान सक्छ । बाको कोठा शीर्षकको कथा 'खराब र असल परिस्थितिले बनाउछ' कथ्यको निष्कर्षको उत्कृष्ट कथा रहेको छ । उर्वशी भाउजू शीर्षकको कथामा सौर्न्दर्य र सम्पत्तिले भरिपूर्ण तर लोग्नेको माया स्पर्श खोजेजति नपाएकी पत्नीको पीडाको कथा रहेका छन् । संग्रहभित्रका हरेक कथाहरूले मन छुन्छ, मुटु चस्काउछ र मस्तिष्कमा झंकार उत्पन्न गराउँछ । बाबा मेरो पीआर आयो भित्रका सबै कथाले बौद्धिक पाठकबर्गकोत्र माग गरेको छ । मैले त पढे । अन्य कथाहरूको चर्चा परिचर्चा फेरि गरौला । अहिलेलाई यतिनै ।तपाईहरूले पनि एक पटक यो पुस्तक खोजेर, मागेर या किनेरै भएपनि पढनुहरोस् । भागवतजीको प्रस्तुत संग्रह भागवत कथा जस्तै सदाबहार भइरहोस् ! शुभकामना !

***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र समीक्षक हुन्)***

# लोकसेवा पढ्नेहरुका लागि रामपुर बन्यो सहयोगी



**पाल्पा,** असार ५/जिल्लाको रामपुर नगर सरकार लोक सेवा आयोग पढ्न चाहनेहरुका लागि सहयोगी बनेको छ । पढ्न इच्छा भएर पनि आर्थिक अभावका कारण पढ्न नसकेका र चाहना भएकाहरुलाई नगर सरकारले नि:शुल्क रुपमा तयारी कक्षका लागि सहयोग गरेको हो ।

नगरपालिकाकै सहयोगमा नगर भित्रका लोक सेवा पढ्नेहरुलाई ४५ दिने लोक सेवा आयोग तयारी कक्षा दिइएको छ । तयारी कक्षाको एक औपचापरिक कार्यक्रमकाबिच समापन गरिएको छ । नगर प्रमुख रमण बहादुर थापाले कार्यक्रमको समापन गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख थापाले लोक सेवा आयोग पढ्न चाहने विद्यार्थीहरुको सहजताका लागि कक्षा सञ्चालन गरिएको बताए । उनले लोक सेवा आयोग तयारीका लागि मार्ग दर्शनको रुपमा कक्षा सञ्चालन महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । स्वदेशमै बसेर देश र जनताको सेवा गर्नका लागि मेहनतका साथ अध्ययन गर्न आग्रह गर्दै नगर प्रमुख थापाले उद्देश्य प्राप्तिका लागि लगनशिलता र निरन्तरताको खाँचो रहेको औल्याए ।

कार्यक्रममा रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले नगरपालिकाले लोक सेवा आयोग बारे आधारस्तम्भ तयार गर्नका लागि कक्षा सञ्चालन गरेको भन्दै सफलताका लागि मेहनतका साथ अध्ययन गर्न आग्रह गरिन । नगर प्रवक्ता एवं १ का वडा अध्यक्ष कपिलबहादुर खाँणाले नगरपालिकाले सञ्चालन गरेको नि:शुल्क लोक सेवा आयोग तयारी कक्षाको उपलब्धी र औचित्य पूरा गर्नका लागि परीक्षामा सफल भएर राष्ट्र सेवक कर्मचारी बन्न आग्रह गरे ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले नगरपालिकाले लोक सेवा आयोगको बाटो मात्रै देखाएको भन्दै सफलताका लागि आफै मेहनतका साथ अगाडि बढ्नु पर्ने बताए । कार्यक्रममा शहिद बहुमुखी क्याम्पस रामपुर पाल्पाका स्ववियु सभापति ल्याकत अली, सहभागी विद्यार्थी सुरक्षा घिमिरे, पुजा पँगेनी र संगीता बस्याल लगायतले लोक सेवा आयोग बारे जान्न र ज्ञानको अभिवृद्धिका लागि कक्षा सञ्चालन गरेकोमा नगरपालिकालाई धन्यवाद ज्ञापन गरे । सोही अवसरमा लोक सेवा आयोगको तयारी कक्षा अवधिभरमा उत्कृष्ट हुने ३ जना सहभागीलाई पुरस्कृत समेत गरिएको छ ।

सहभागी मध्ये पुजा पंगेनी, सरिता लम्साल र आकृति भट्टराई उत्कृष्ट सहभागीको रुपमा पुरस्कृत भएका छन् । प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितको अध्यक्षता, तालिमका संयोजक युवराज पन्थीको स्वागत, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# छुट्टाछुट्टै ठाउँमा भरूवा बन्दुकसहित दुई जना पक्राउ



**पाल्पा,** असार ५/देशका विभिन्न ठाउँबाट भरुवा बन्दुकसहित दुई जना पक्राउ परेका छन् । केन्द्रीय समाचार कक्षका अनुसार पाल्पा र कैलालीका छुट्टाछुट्टै ठाउँबाट प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । पाल्पाको रैनादेवी छहरा गाउँपालिका-१ सिद्धेश्वरका ३६ वर्षीय ईश्रुवर कुमाललाई प्रहरीले एकनाले भरुवा बन्दुकसहित बुधबार बिहान पक्राउ गरेको छ । उनको घरमा खोजतलासी गर्दा प्रहरीले भरुवा बन्दुक सहित पक्राउ गरेको हो । ईश्रुवरले सोमबार राति जंगलमा सिकार खेल्ने क्रममा बन्दुक पड्काउँदा बन्दुकको छर्रा लागेर सोही ठाउँ बस्ने ३४ वर्षीय टोपबहादुर कुमाल घाइते भएका थिए । उक्त खबर प्राप्त हुनासाथ प्रहरी चौकी सर्देवाबाट खटिएको प्रहरीले ईश्रुवरको घर तलासी गर्दा उक्त बन्दुक फेला पारी पक्राउ गरेको केन्द्रीय समाचार कक्षले जनाएको छ ।

यस्तै कैलालीको घोडाघोडी नगरपालिका-१२ नकफोडुवाका ३७ वर्षीय मोहन बहादुर खत्रीलाई पनि भरूवा बन्दुक ३ थानसहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सुखडबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त बन्दुक फेला पारी पक्राउ गरेको हो । पक्राउ परेका दुवै जनालाई प्रहरीले आवश्यक अनुसन्धान थालेको छ ।

## खेलकुद समाचार

# लगातार दोस्रो जितको लक्ष्यमा जर्मनी



**काठमाडौं,** असार ५/घरेलु मैदानमा भइरहेको युरो २०२४ मा जर्मनीले बुधबार हंगेरीसँग आफ्नो दोस्रो खेल खेल्दैछ ।

समूह ए मा रहेको जर्मनी लगातार दोस्रो जित निकाल्दै नकआउट चरणमा स्थान सुरक्षित गर्ने लक्ष्यमा छ । जर्मनी र हंगेरीबीचको खेल नेपाली समय अनुसार राति ९:४५ बजे स्टुटगार्ड एरेनामा हुनेछ । जर्मनीले पहिलो खेलमा स्कटल्याण्डलाई ५-१ ले पराजित गर्दै सानदार सुरुवात गरेको थियो । त्यही प्रदर्शनलाई निरन्तरता दिने योजनामा आयोजक जर्मनी छ । उता पहिलो खेलमा स्वीट्जरल्याण्डसँग २-१ ले पारजित भएको हंगेरी जर्मनीलाई स्तब्ध पार्दै पहिलो जित निकाल्ने योजनामा हुनेछ ।

जर्मनीका प्रशिक्षक जुलियन नागेल्सम्यानले हंगेरीविरुद्ध पनि पहिलो खेलको जस्तै प्रदर्शन गर्ने लक्ष्य हरेको बताएका छन् । उनले आफ्नो टोली तयार रहेको र मैदानमा त्यही अनुसारको प्रदर्शनको अपेक्षा रहेको बताए । उता हंगेरीका प्रशिक्षक मार्को रोसीले जर्मनी अहिले कठिन प्रतिस्पर्धी रहेको र हंगेरीभन्दा राम्रो टिम भएको बताएका छन् । रोसीले आफ्नो टिमले उत्कृष्ट प्रदर्शन दिने बताए । जर्मनी र हंगेरीबीच मुख्य प्रतियोगितामा खेल हुन लागेको यो चौथो पटक हो । यसअघि यी दुई टोली तीनपटक भिड्दा २० गोल भएको थियो । हरेक खेलमा ६.७ को औसतमा गोल भएको थियो ।

# तानसेनमा प्रजनन्...

...नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाका सभापति बाबुराम कार्कीले शिविरको शुभारम्भ गरेका थिए । कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथि समेत रहेका कार्कीले रेडक्रसको मुलमन्त्र भनेकै मानव सेवा रहेकाले सोही अनुसार उपशाखाले शिविर सञ्चालन गरेकोमा खुसी व्यक्त गरे । उनले नेपालमा पाठेघर स्वास्थ्य समस्या आम रुपमा देखा परेकाले परीक्षण र परामर्श आवश्यक रहेको औल्याए ।

सभापति कार्कीले विशेष गरी ग्रामीण क्षेत्रका महिलाहरुमा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्या बढी देखिने गरेकाले गाउँ-गाउँमा यस्ता कार्यक्रम गरिनु पर्ने उल्लेख गरे । उनले शिविरले अन्य उपशाखाहरुलाई समेत कार्यक्रम गर्न थप उत्प्रेरण मिल्ने बताए । कार्यक्रममा रेडक्रका निवर्तमान जिल्ला सभापति बुद्धिप्रसाद शर्माले पुरुषहरुको तुलनामा महिलाहरुको स्वास्थ्य प्रजनन्मा अलि बढी समस्या हुने भएकाले उनीहरुमा स्वास्थ्य परीक्षणसँगै सचेतना स्वाभाविक रुपमा आवश्यक रहेको बताए । शर्माले भने,'महिलाहरुको स्वास्थ्य परीक्षण गर्दा पुरुषहरुलाई पनि सँगै राखेर शिविर सञ्चालन गर्न सकियो भने थप प्रभावकारी हुन्थ्यो ।' उनले आगामी दिनमा यसतर्फ ध्यान दिन परिवार नियोजन संघलाई आग्रह समेत गरे । कार्यक्रममा नेपाल परिवार नियोजन संघ पाल्पाका प्रवन्धक शोवाकान्त न्यौपानेले कार्यक्रममाथि प्रकाश पार्दै महिलाहरुको प्रजनन् स्वास्थ्य नियमित रुपमा परीक्षण गर्नुपर्ने बताए । उनले पाठेघर मुखको क्यान्सर, छातिको क्यान्सर, महिलाको आङ खस्ने, यौन रोग परीक्षण तथा उपचार संघबाटै नियमित रुपमा प्रदान गर्दै आएको समेत उल्लेख गरे । रेडक्रस उपशाखाका कोषाध्यक्ष युवराज पौड्यालले अझै पनि प्रजनन् स्वास्थ्य समस्या भएका अधिकांस महिलाहरु स्वास्थ्य संस्था पुगेर परीक्षण गराउन लाज मान्ने गरेको भन्दै उनीहरुको स्वास्थ्य परीक्षण गर्नु अघि सचेतना र परामर्श आवश्यक रहेको बताए । उनले आगामी दिनहरुमा रेडक्रसले सचेतना र परामर्शका कार्यक्रमलाई पनि सँगसँगै लैजाने उल्लेख गरे । कार्यक्रम रेडक्रस उपशाखाका सभापति विरेन्द्रकाजी शाक्यको अध्यक्षता, उपसभापति रमा पन्थीको स्वागत, सचिव बंकिङ चन्द्र खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## आँप/केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८१/०३/०६**

खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा विक्री वितरणमा सम्लग्न व्यवसायीहरुलाई जानकारीका लागी सूचित गरिन्छ ।

आँप/केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, मातहतका कार्यालय वा यस डिभिजन कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ । साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय**
तानसेन, पाल्पा
Email : ftqcdopalpa@gmail.com
Website : www.dftqc.gov.np (विभागको)
सम्पर्क ०७५-५२१४९५, ९८५७०२१४९५

## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

*सूचना प्रकाशित मिति : २०८१/०३/०६*

श्री जंगबहादूर सुर्यवंशीकी बूहारी, भीमबहादूर सुर्यवंशीकी पत्नी, पाल्पा जिल्ला चिदिपानी गा.वि.स. वडा नं.८ स्थायी ठेगाना भई पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. १ बस्ने ना.प्र.प.नं. ३९-०१-७०-०४६२४ (पाल्पा) भएकी श्रीमती चूनीसरा सूर्यवंशीको नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१३००९७३७८१००००० रहेकोमा निजको मिति २०८१/०२/१८ मा मृत्यू भएको र निज मृतक चूनीसरा सूर्यवंशीको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भूक्तानीको माग गर्दै पाल्पा जिल्ला चिदीपानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं.१ बस्ने मृतक चूनीसरा सूर्यवंशीको पति नाता पर्ने भीम बहादूर सुर्यवंशीले मृतकको मृत्यूदर्ता प्रमाण-पत्र (दर्ता नं. २०४९०९०९०५६७५-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्नेभए सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनूरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री भीम बहादुर सुर्यवंशीलाई उल्लिखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको लागि यो सुचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं.
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौ,
- आफ्नो घर वरिपरी झाँडी नराखौ र सधै वातावरण सफा राखौं ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई